नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्रसंख्याः२०७५/०७६ **कोष प्रशासन शाखा** मितिः२०७६/०३/१०
चलानी.नं.४३७

बिषयः मुल्य अभिवृद्धि कर दाखिला सम्बन्धमा।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै

प्रस्तुत विषय आन्तरिक राजश्व विभागको प.सं.२०७५/०७६ च.नं.१७४ मिति २०७६/०२/२७ को मुल्य अभिवृद्धि कर दाखिला सम्बन्धमा प्राप्त पत्रका सन्दर्भमा यस कार्यालयबाट मिति २०७६/०२/३१ मा भएको पत्राचारबाट मुल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम राजश्व खातामा जम्मा गर्ने सम्बन्धमा देखापरेका अन्यौलता हटन नसकेकाले थप स्पष्ट गर्न आवश्यक भएको छ। आन्तरिक राजश्व विभागमा मिति २०७६/०३/५ मा महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैक सहितको छलफल तथा मिति २०७६/०३/८ मा महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैकसँग छलफल गरिएको छ। यिनै छलफलका आधारमा मुल्य अभिवृद्धि कर नियमावली,२०५३ (२१ सौ संसोधन) को कार्यान्वयनका लागि थप स्पष्ट गर्न तपशील अनुसारको हुन यस कार्यालयको मिति २०७६/०३/१० को निर्णय अनुसार अनुरोध छ।

१. बिल भुक्तानी गर्ने कार्यालयहरुले बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर रकमको पचास प्रतिशत हुन आउने रकम कट्टी गर्ने।

२. यसरी कट्टी गरिएको मुल्य अभिवृद्धि कर दाखिला गर्दा बिलको भुक्तानी प्राप्त गर्ने निर्माण व्यावसायी वा आपुर्तिकर्ता वा परामर्शदाता वा सेवा प्रदायक मध्ये ठुला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/आन्तरिक राजश्व कार्यालय/करदाता सेवा कार्यालय मध्ये जुन कार्यालयमा दर्ता भएको हो सो दर्ता भएको कार्यालयको नाममा चेक तयार गर्ने। यसका लागि भुक्तानी आदेश पठाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट चेक प्राप्त गर्ने। तर बिल भुक्तानी गर्ने कार्यालय आफैले चेक जारी गर्ने हो भने सोही अनुसारको चेक जारी गर्ने। जस्तै डिभिजन सडक कार्यालय दमकले कखग कम्पनी लिमिटेडका लागि बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर रकम रु१३,००,०००।– को पचास प्रतिशत हुन आउने रकम रु६,५०,०००।- रहेछ। कखग कम्पनी लिमिटेड ठुला करदाता कार्यालय, ललितपुरमा दर्ता भएको छ भने ठुला करदाता कार्यालय, ललितपुरका नाममा रु.६,५०,०००।-चेक जारी हुने गरी भुक्तानी आदेश बनाउने र कोष तथा लेखा नियन्त्रक कार्यालय झापाबाट चेक प्राप्त गर्ने।

३. बिलको भुक्तानी प्राप्त गर्ने निर्माण व्यावसायी वा आपुर्तिकर्ता वा परामर्शदाता वा सेवा प्रदायक मध्ये ठुला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/आन्तरिक राजश्व कार्यालय/करदाता सेवा कार्यालय मध्ये जुन कार्यालयमा दर्ता भएको हो सो दर्ता भएको कार्यालयलको कार्यालय कोड जनिएको बैंकमा चेक जम्मा गर्ने।

४. यसरी चेक बैंक दाखिला गर्दा निर्माण व्यावसायी वा आपुर्तिकर्ताको वा परामर्शदाता वा सेवा प्रदायकको नाम, स्थायी लेखा नम्बर, निर्माण व्यावसायी वा आपुर्तिकर्ता वा परामर्शदाता वा सेवा प्रदायक दर्ता भएको कार्यालयलको राजश्व कोड, प्रत्येक निर्माण व्यावसायी वा आपुर्तिकर्ता वा परामर्शदाता वा सेवा प्रदायकका


अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७१२९०, फ्याक्स नं.- ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np